# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागदरबार, काठमाडौं, बागमती प्रदेश, नेपाल

(कानुन विभाग)

प.सं.:०७७।०७८
च.नं.: 3826

मिति : २०७८।०१।२१

श्री वडा कार्यालयहरु सबै,
काठमाडौं महानगरपालिका ।

**विषय: निवेदन संकलन गरी पठाइदिनु हुन ।**

काठमाडौं महानगरपालिकाको चालु आ.व.२०७७।०७८ को स्वीकृत नीति, योजना, बजेट तथा कार्यक्रम बमोजिम महानगरपालिकाको क्षेत्रभित्र रहेका घर/घरजग्गाको स्वामित्व समस्या व्यवस्थापन गर्न मिति २०७८।०१।१६ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित भएको हुँदा आफ्नो वडा भित्रका घर/घरजग्गाको स्वामित्व सम्बन्धी विवादको निवेदन पर्न आएमा यसै साथ प्रकाशित सूचना अनुसारका कागजात जाँच गरी संकलन गरिएको निवेदनहरु तोकिएको समय समाप्त भए पश्चात काठमाडौं महानगरपालिका कानुन विभागमा पठाइदिनु हुन अनुरोध गरिन्छ ।

२०७८।०१।२१

वसन्त आचार्य
(विभागीय प्रमुख)
कानुन विभाग

बागदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२३१४८१/४२३२८९२ फ्याक्स : ९७७-१-४२६८५०९
E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका क्षेत्रभित्रको घरजग्गाको स्वामित्व सम्बन्धी समस्या व्यवस्थापन गर्न निवेदन पेस गर्ने सम्बन्धी ३५ दिने सूचना

काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका घर/घरजग्गाको स्वामित्व सम्बन्धी समस्याको व्यवस्थापन गर्न आवश्यक भएका महानगरवासीहरूबाट निवेदन प्राप्त गर्न यो सूचना प्रकाशित गरिएको छ। अतः काठमाडौं महानगरपालिका क्षेत्रभित्र घर/घरजग्गाहरूको स्वामित्व सम्बन्धी कुनै समस्या रहेको र उक्त समस्या यस महानगरपालिकाको क्षेत्राधिकारभित्र रही समाधान हुनसक्ने देखिएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा आफ्नो समस्या सम्बन्धी विस्तृत व्यहोरा खुलेको निवेदन, विषय सम्बद्ध कागजातहरू र निवेदकको नागरिकताको प्रतिलिपि सहित सम्पर्क नम्बर समेत संलग्न गरी सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्नुहुन महानगरवासीमा अनुरोध गरिन्छ।

**काठमाडौं महानगरपालिका**
कानून विभाग
सुन्धारा, काठमाडौं
सम्पर्क नं. ०१-४२३१९५१, ०१-४२६०३०५